एकीकृत शहरी विकास केन्द्र

शहर

# जानकारी पत्र -६

फागुण २०६३ March 2007

## "लुभू" नाम बारे छोटो चर्चा

- रामबहादुर श्रेष्ठ 'लुभू'

ललितपुर जिल्लाको ४१ वटा गाउँ विकास समिति मध्येको यस ऐतिहासिक लुभू वस्ती पाटन मंगलबजारबाट ६.२ कि.मि. पूर्वमा अवस्थित छ र यसै वस्तीको नामबाट सो गा.वि.स. को नामाकरण गरिएको छ । यस वस्तीको उत्तर-पूर्वमा अवस्थित अनन्त लिंगेश्वर महादेवको मन्दीर नजिक पाइएको ने.सं. ५६७ को शिलापत्र नै यहाँको सबभन्दा पुरानो प्रामाणिक ऐतिहासिक सामाग्री भए तापनि २०५९ सालमा पुरातत्व विभागले प्रकाशित गरेको 'लुँभूको साँस्कृतिक सम्पदा' शीर्षक पुस्तकमा उल्लेख भए बमोजिम लुभूको विभिन्न भागमा पाइएका विविध साँस्कृतिक सम्पदाको काल निर्धारणको आधारमा इतिहास, संस्कृति एवं सम्पदाविदहरुको मत अनुसार लुभू वस्तीको विकास ईस्वीको चौंथो सताव्दी अर्थात किरात कालमै शुरु भएको बुझिन्छ। 'लुँबूँ' शव्द अपभ्रंस भई 'लुँभू' बनेको र 'लुँभू' शव्द पनि अपभ्रंस भई जनजिब्रोमा 'लुभू' बन्न पुगेको विश्वास गरिएको हाल यस वस्ती र गा.वि.स. लाई यसै 'लुभू' शव्दबाट चिनिन्छ ।

कुनै पनि वस्तीको नामाकरण गर्दा त्यसमा कुनै न कुनै अर्थ, कारण वा इतिहास अन्तर निहित रहेको हुन्छ । 'लुँबूँ' अर्थात 'लुँभू' लाई 'लुँभू' किन भनियो भन्ने बारे अनेक किम्वदन्ती तथा आख्यानहरु रहेका छन् । नेपाल भाषामा 'लुँ' को अर्थ सुन र 'बूँ' को अर्थ खेत अथवा जमीन हो । नेपाल सम्वत ४१७ को गोपाल वंशावली, लुभू महालक्ष्मी मन्दीरको ने.सं. ७७४ को ताम्रपत्र र लुभू देवीस्थानको ने.सं. ७८० को शिलापत्रमा यस ठाउँलाई 'लुँम्हु' भनेर पनि उल्लेख गरिएको छ भने महालक्ष्मी मन्दीरकै भित्र रहेको ने.सं. ८४७ को ताम्रपत्रमा 'लुम्भू' भनी उल्लेख गरिएको छ ।

एउटा किम्वदन्ती अनुसार प्राग ऐतिहासिक कालमा पूर्वी पहाडबाट नेपाल उपत्यका छिरेका किरातहरुले यस क्षेत्रमा खेतीपाती गर्दा प्रसस्त उब्जनी भएकोले यसलाई 'लुँबूँ'



*लुभूको प्रशिद्ध गोभ्राटेश्वर महादेव मन्दीर*

(सुनको खेत) भनिएको कथन छ । पाटनका राजा योगनरेन्द्र मल्ल एक दिन यस क्षेत्रमा घुम्न आएको बेला बाटोमा पर्ने खेतबारीमा तोरीको पहेंलो फुल ढकमक्क फुलेको देखेर उनले त्यस ठाउँलाई यो त 'लुँबूँ' (सुनको खेत) रहेछ भनेछन् । पछि सो 'लुँबूँ' शव्द अपभ्रंस भई नेपाल भाषा र संस्कृतको ठिमाहा शव्द 'लुँभू' भएको भन्ने किम्वदन्ती छ। त्यसै गरी पाटनका अर्का राजा विश्व मल्लकी रानी गंगा मल्लले यस क्षेत्रमा अधुरो रहेको नगर निर्माणलाई आफ्नो 'लुँभु' (सुनको थाल) बेचेर पूरा गरि दिएको कारण यसलाई 'लुँभु' नै भन्ने गरिएको अर्को किम्बदन्ती पनि छ । ने.सं. ११२५ मा छत्रबहादुर कायस्थद्वारा सम्पादित 'लुँभू देशया पुलांगु म्ये' शीर्षक लेखको एउटा भजनमा सुन जस्तो अन्न धेरै फल्ने भएको हुँदा यस ठाउँको नाम 'लुँभू' (स्वर्ण भुमि) हुन गएको भनी एउटा हरफ उल्लेख छ ।

यस ठाउँको उत्तर आधुनिक कालको नाम 'लुँबूँ', 'लुँभू', 'लुँभू' 'लुँम्हु' जेसुकै भए पनि प्रसस्त सुनौलो धान र तोरी फल्ने खेतको अर्थ जनाउने 'लुँ' विशेषण रहनुमा अन्यथा कारण देखिदैन । तसर्थ नेपाल भाषाको विज्ञान बमोजिम त्यसको नाम 'लुँबूँ' नै हो भन्ने धेरै भाषाविदहरुको

गुसिंगाल, सानेपा, ललितपुर
पो.ब. नं ५१३४, काठमाडौं, नेपाल
फोन नं: ५५२८२२६
ई.मेल : ciud@mail.com.np
www.ciud.org.np

दावी छ । सरकारले भरखरै नगर योजना गरी वस्ती बसालेको ठाउँहरु काठमाडौं महानगरपालिकाको वडा १६ र १७ मा पर्ने खुसिबुँ (खोला छेउको गैह्विखेत) र गोंगबुँ (खासमा गुँगः बुँ अर्थात वन सुकेर बनेको वा बनाइएको खेत) को नामले पनि यसलाई पुष्टि गर्न सहयोग गर्छ । पछि संस्कृत भाषाको प्रभावले 'लुँबूँ' शब्द 'लुँभू' बनेको, व्याकरणको ख्याल नगर्नाले 'लुँभू' भएको र जनसाधारणले यदाकदा 'लुँम्हु' वा 'लुम्भू' भनी अशुद्ध प्रयोग गरेको भन्ने तर्क सत्यको धेरै नजिक देखिन्छ । पछि 'बागडोल' लाई 'बाघडोल', 'कोपुँडोल' लाई 'कुपनटोल' भनी गलत उच्चारण र व्याख्या गर्ने गैरनेवारहरुको भाषिक प्रभाव बढ्दै गए पछि ठिमाहा शब्द 'लुँभू' पनि अपभ्रंस भएर 'लुभू' बनेकोमा कुनै शंका छैन ।

## लुभू पूर्वाधार तथा वातावरण सुधार तदर्थ समितिका अध्यक्ष श्री रामबहादुर श्रेष्ठसँगको अन्तरवार्ता



१. सामाजिक परिवेसको आधारमा लुभूको बस्ती विकासका सम्बन्धमा के अनुभव गर्नु भएको छ ?

- लिच्छवीकालमा बस्ती विकास भएको यस लुभू वरपरका बस्तीको लागि व्यापारिक केन्द्रको रुपमा रहेको हुँदा यसलाई लुभू शहर भन्ने गरियो । यहाँ २ देखि ३ परिवार मात्र ब्राम्हण जाति रहेको छ भने बाकी करिब ११०० घर परिवार नेवार समुदायको बस्ती रहेको छ । यस ठाउँमा नेवार परम्परा अनुसारको सांस्कृतिक कर्म काण्ड सम्पन्न गर्न आवश्यक पर्ने नापित, नकर्मी, कुस्ले, साही, तण्डुकार, पुतुवार, गुभाजु, महर्जन लगायत राजथला र श्रेष्ठ थरका मानिसहरुको बसोबास रहेको छ ।

२. लुभूमा हाल खानेपानीको सुविधा कस्तो छ ?

- लुभूमा हाल चापाखर्क खानेपानी योजना र दोभान खानेपानी योजनाबाट पानी आपूर्तिको व्यवस्था गरिएको छ । जस मध्ये चापाखर्कबाट आएको पानी पिउनको लागि प्रयोग गरिन्छ भने अन्य प्रयोजनको लागि दोभानको पानी प्रयोग गरिन्छ । यसको अलावा परम्परागत ढुङ्गेधारा र ईनारको पानी समेत प्रयोग भईरहेको छ ।

३. चापाखर्क र दोभान पानीको व्यवस्था हुनु पूर्व कसरी निर्वाह भइरहेको थियो त ?

- वि.सं २०४१ सालमा चापार्खक खानेपानी योजनाबाट पानी आपूर्ति हुनु पूर्व परम्परागत ढुङ्गेधारा, कुवा र ईनारको पानीबाट नै जीवन यापन हुने गर्दथ्यो ।

४. परम्परागत ढुङ्गेधारा, कुवा र ईनारको पानीको अलावा हाल चापाखर्क र दोभान पानी समेतबाट पनि आजको जनसंख्यालाई पानी आपूर्तिमा कमी भइरहेको देखिन्छ । त्यतिबेला कसरी पानी पुऱ्याइन्थ्यो ?

- हाल एकातर्फ जनसंख्या बृद्धि भएको छ भने अर्कोतर्फ पानी प्रयोग गर्ने बानीमा समेत बृद्धि भएको छ । परम्परागत शहरी विकासका अवधारणालाई मानिसहरुले बिर्सदै गएको र पुरानो भौतिक संरचनाको विनासको कारण प्राकृतिक पानीको श्रोतको कमी भएबाट पानीको आपूर्तिमा कमी भएको देखिन्छ। लुभू भित्र रहेको करिब १७ देखि १८ वटा सार्बजनिक ईनार र ३ वटा ढुङ्गेधाराबाट त्यति बेलाको जनतालाई पुग्ने मात्रामा पानी आपूर्ति हुन्थ्यो । ईनारभित्र पानीको आपूर्ति बढाउन लुभूको बस्ती विकासमा विशेष ध्यान पुऱ्याइएको देखिन्छ। त्यति बेला लुभूभित्र ठाउँ ठाउँमा पोखरीको व्यवस्था गरिएको थियो भने लुभूको बस्ती भित्र खुल्ला कुलोहरुमा यथेष्ट मात्रामा पानीको बहावको व्यवस्था मिलाइएको थियो जसको कारण ईनार तथा ढुङ्गेधारामा पानीको आपूर्ति पर्याप्त मात्रामा हुने गर्दथ्यो । हाल लुभू भित्रको सबै पोखरी पुरिएर पार्क तथा सार्बजनिक भवन निर्माण भएको छ भने खुल्ला रुपमा रहेको कुलो पाईपमा परिणत भएपछि ईनार तथा ढुङ्गेधाराको श्रोतमा पानीको पुनर्ताजगीकरण हुन सकिरहेको छैन ।

५. लुभूको सरसफाई तथा वातावरणको स्थिति पहिले र अहिले के कस्तो फरक अनुभव गर्नु भएको छ ?

- गाउँ जति जति शहरोन्मुख हुँदै गयो त्यति त्यति सडक र चोकमा फोहर थुप्रने क्रम बढेको देखिन्छ । यसरी फोहर थुप्रिने कारण मध्ये खेतीपातीमा रासायनिक मलको अत्याधिक प्रयोग पनि हो । रासायनिक मलको प्रादुर्भाव हुनु अगाडी हरेकको घरमा नौगाः (खरानी जम्मा गर्ने खाल्टो ) र साःगाः (कम्पोष्ट मल बनाउने खाल्टो) हुने गर्दथ्यो र ती खाल्टाहरुमा तयार भएको मल खेतबारीमा उपयोग गर्ने प्रचलन थियो । यो विधिको अन्तका साथ साःगाःमा जम्मा गरिने फोहर सबै सडक र चोकमा आउन थालेको जस्तो लाग्छ ।

  करिब २० वर्ष पहिले सरसफाईको अभियानको लागि तथ्याङ्क संकलन गर्दा लुभू बस्ती भित्रका मानिसहरुमा पानीबाट सर्ने रोग व्यापक रुपमा पाइएको थियो भने करिब १ प्रतिशत घरमा मात्र चर्पीको सुविधा थियो । त्यति बेला यहाँ महिलाहरुले प्रयोग गर्ने ४ वटा खुल्ला सार्वजनिक शौचालय र पुरुषहरुले प्रयोग गर्ने २ वटा खुल्ला क्षेत्र थियो । ती खुल्ला शौचालयहरुमा भएको दिसा खुवाउन सुंगुर पाल्ने गरिएको थियो । यसै सुंगुरको कारण खुल्ला शौचालय क्षेत्र त्यति दुर्गन्धित थिएन । जति जति गाउँको जनता चेतनाशील हुँदै गए पुरुषहरु दिसा गर्न गाउँ बस्ती बाहिर खेतबारी तिर जान थाले र गाउँ बाहिर व्यापक रुपमा फोहर हुन थालेको थियो । यी फोहर हटाउन हरेक घरमा शौचालय बनाउने अभियान शुरु गरिएको थियो । वि.सं. २०४५ सालमा युनिसेफको ५० प्रतिशत अनुदान सहयोगमा करिब ३०० वटा शौचालय बनाउने लक्ष्य लिएर अगाडी बढेको उक्त कार्यक्रम ६५ वटा शौचालय बनाई सकेर शौचालय बनाउन चाहने घरवाला नभेटिए पछि कार्यक्रम

बन्द गुर्न परेको थियो । करिब १० वर्षपछि यहाँका मानिसहरुले फेरि शौचालय निर्माण गर्न उत्सुकता देखाए पछि शौचालय निर्माणको कार्यक्रम पुनः शुरु भएको थियो । मलाई लाग्छ हाल शौचालय नभएका घरहरु पहिलेको तुलनामा कमै मात्र होला ।

सडक र चोकमा सरसफाई गर्ने अभियानको रुपमा केही वर्ष अगाडी स्थानीय स्तरबाट सहयोग संकलन गरी फोहर उठाउने २ वटा रिक्सा सहित आवश्यक बन्दोबस्त गरी प्रतिघर मासिक रु.२० का दरले शुल्क उठाई सरसफाईको कार्यको थालनी गरिएको र जम्मा भएको फोहरलाई व्यवस्थित गर्न जग्गा बहालमा समेत लिई काम अगाडी बढाइएको थियो । तर दुर्भाग्य, करिब ६ महिना पछि नै उक्त कार्यक्रम संचालन निरन्तरता दिन सकिएन । त्यसको केही समय पछाडी प्राईभेट पार्टीलाई संलग्न गराई कार्यक्रम अगाडी बढाईयो तर त्यो पनि सफल हुन सकेन । हाल युएन ह्यावीट्याट र वाटर एडको सहयोगमा एकीकृत शहरी विकास केन्द्र र लुभू पूर्वाधार तथा वातावरण सुधार समितिको संयुक्त तत्वावधानमा सरसफाई तथा वातावरण सुधारको कार्यक्रम संचालन भएको छ । यसबाट लुभूलाई स्वच्छ र सफा बस्तीको रुपमा विकास गर्न सफल होला भन्ने आशा गर्न सकिन्छ ।

६. लुभूको विकासमा हाल कुन कुन क्षेत्रका कुन कुन निकायहरु संलग्न भइरहेका छन् ?

- एकीकृत शहरी विकास केन्द्र, यु.एन. ह्यावीट्याट र वाटर एड बाहेक निम्नानुसारको निकायहरु संलग्न रहेका छन् ।

केहि समय अगाडि एन्फोको सक्रियतामा सार्वजनिक शौचालयको निर्माण सम्पन्न भई संचालनमा आएको छ । यस्तै जर्मनीको सहयोगमा नेपाल हिल्फे बाईलेनग्रीजद्वारा लुभू माध्यामिक विद्यालय भवनको निर्माण सम्पन्न गरी विद्यालय संचालन भएको छ । केही वर्ष पहिले लक्जेम्वर्गको सहयोगमा श्री महालक्ष्मी उच्च मा.वि. को दक्षिण लंगको छाना छाउने काम सम्पन्न भएको थियो । केहि बर्षदेखि निरन्तर रुपमा शहरी विकास तथा भवन निर्माण विभागबाट लुभूको वातावरण सुधारको पूर्वाधार निर्माणमा सहयोग भइरहेको छ । जिल्ला विकास तथा गाउा विकास समितिको बजेटबाट पनि वातावरण सुधारको पूर्वाधारहरुको निर्माण कार्य भइरहेको छ । स्टेप नेपालले पनि यस क्षेत्रमा आफ्नो कार्यक्रम संचालन गरिरहेको जानकारीमा आएको छ तर वहाँहरुको कार्यक्रममा हालसम्म म सहभागी हुने शौभाग्य प्राप्त नभएको हुँदा उक्त संस्थाले कुन कुन क्षेत्रमा कार्य गरिरहेको छ, मलाई जानकारी छैन ।

७. युएन ह्यावीट्याट र वाटर एडको सहयोगमा एकीकृत शहरी विकास केन्द्रले लुभूको समुदायसंग सहकार्य गर्दै गर्न लागेको विविध विकास निर्माण कार्यका सम्बन्धमा तपाईको धारणा के छ ?

- विकास निर्माण कार्यमा लुभूका जनताको सक्रिय योगदान हुने गरेको छ । त्यसैले यी कार्यहरुमा पनि समुदायको सक्रिय सहयोग हुने छ । त्यसले गर्दा लक्षित कार्य सफलता पूर्वक सम्पन्न हुनेछ भन्नेमा म विश्वस्त छु । लुभूको खड्गी परिवारहरु बस्ने गःसी टोलमा हाल ब्यापक रुपमा फोहर छ । पानी परेको समयमा जो कोही त्यस ठाउँमा जान समेत हिचकिचाउने गर्दछन् । त्यस ठाउँको सरसफाई गर्न ढलको सुधार गरी बाटोमा ईटा छाप्ने र फोहरमैलाको श्रोतलाई व्यवस्थित गर्न, पशु बधशालाको निर्माणबाट उपयुक्त ठाउँमा उपयुक्त कार्यक्रम भएको मैले महशुस गरेको छु । जसबाट कार्यक्रम संचालन पूर्व र संचालन पश्चात स्पष्ट रुपमा फरक देखा पर्ने छ ।

८. तपाईको विचारमा लुभूको लागि आवश्यक विकास निर्माण कार्य के के हुन सक्लान् ?

- लुभूको बस्ती बीचबाट बग्ने गरेको राजकुलोलाई ह्युम पाईपमा परिणत गरेपछि घरभित्र बनेको चर्पीको निकास जोडिएबाट ठाउँ ठाउँमा कुलो बन्द भई सडकमा फोहर बग्ने तथा बस्ती बाहिर ढलको रुपमा फोहर बग्दा ज्यादै नै प्रदूषण भएको हुंदा पुरानो राजकुलोलाई राजकुलो कै रुपमा कायम गर्ने । शौचालयको निकासको लागि छुट्टै ढलको ब्यबस्था गरेर प्रशोधन गरिसकेपछि मात्र पानी खोलामा मिसाउने व्यबस्था गर्नु जरुरी देखेको छु । साथै शौचालयको निकास राजकुलोमा नजोड्ने, शौचालयको खाल्टो छिट्टै भर्ने र भरेको खाल्टो सफा गर्न झन्झटिलो हुने एवं खर्चिलो हुने हुँदा शौचालय प्रयोग नगरी बाहिर खुल्ला क्षेत्रमा दिसा गर्ने प्रबृत्तिलाई रोक्न सुलभ र सरल तरिकाबाट उपलब्ध हुने सेप्टीक टैंक सफा गर्ने ट्यांकरको ब्यबस्था गर्नं जरुरी देखेको छु ।

# लुभूमा महिलासँगको अन्तरवार्ता लिने क्रममा

५३ वर्षिया महिला विद्यालक्ष्मी नापित लुभू वडा नं. ३ नासल टोलमा बसोबास गर्दै आउनुभएको छ । उहाँको जन्म काठमाडौंको इन्द्रचोकमा भएको थियो । विवाह पश्चात ३३ वर्ष उहाँ स्वास्थ्य स्वयंसेविकाको रुपमा लुभूमा काम गर्दै आउनु भएको छ । उहाँ विभिन्न संघसंस्थामा आवद्ध हुनुहुन्छ । उहाँ संलग्न संस्थाहरु मध्ये रेडक्रसमा आजीवन सदस्य, रेयूकाईका जुनसिबुचु, दिदी बहिनी समूहको सदस्य, स्टेप नेपालका सदस्य र दुईवटा आमा समूहको सदस्य पनि हुनुहुन्छ । उहाँ लामो समयदेखि सामुदायिक स्वास्थ्य कार्यकर्ताको रुपमा काम गर्दै आएको हुँदा सामुदायिक स्वास्थ्य बारेमा उहाँ बढी विज्ञ हुनुहुन्छ ।

विगतमा लुभूको विकास निर्माणका लागि विभिन्न संघ संस्थाहरु आएको तर त्यसको बारेमा त्यति स्मरण नभएको जानकारी

दिँदै स्वास्थ्य क्षेत्रमा सहयोग पुऱ्याउन पाटन अस्पतालले विभिन्न शिविर संचालन गरेको कुरा राख्नु भएको थियो । उहाँ अगाडी थप्नुहुन्छ, "वातावरणीय सरसफाई तथा बाटो सुधारका लागि धेरै संस्थाहरु आएका थिए तर मलाई तिनका नामहरु याद भएन । त्यस पछाडीबाट केही हदसम्म टोल टोलमा वातावरणीय सुधार भएको महसुस गरेको छु । मैले पनि यसमा धेरै सहयोग गरेको थिएँ र अहिले पनि सक्दो सहयोग गर्न तयार छु। मेरो विचारमा यस लुभू समुदायको परिप्रेक्षमा फोहरमैला तथा ढल निकास नै सबैभन्दा ठूलो समस्या हो । यसको समाधानको लागि आफ्नो फोहर आफैं तह लगाऔं भन्ने अभियान चलाउनु पर्ने जस्तो लाग्छ । पक्कै पनि एक जनाको प्रयासले मात्र फोहरको समस्या घट्दैन त्यसको लागि सामुहिक सहभागिताको आवश्यकता पर्छ । तर आ-आफ्नो घरबाट सुरु गरेअझ प्रभावकारी हुन्छ ।" महिलाहरुको पेशाको बारेमा उहाँ यसो भन्नुहुन्छ, "लुभूका महिलाहरु पहिले कपडा बुन्ने काम गर्दथे भने अहिले प्रायःजसो महिलाहरु धागो (कोन) बेर्ने काममा व्यस्त देखिन्छन्। त्यस बाहेक मर्चा बनाउने काम पनि गर्दछन्। कोन बेर्ने पेशालाई अझ व्यापक रुपमा अगाडी बढाउनको लागि मेसिन किन्न असक्षम महिलाहरुलाई बचत समूहबाट ऋण उपलब्ध गराइ दिएर आफूले जानेको पेशाबाट उन्नति गर्न मद्दत गर्न सकिन्छ । त्यसै गरी केही महिलाहरु सुकुल पनि बुन्छन् तर यसलाई व्यावसायिक रुपमा अगाडी बढाइएको पाईंदैन । यस लुभू क्षेत्रभित्र प्रत्येक वडामा महिला बचत समुहहरु छन्। त्यसमध्ये म दुइवटा समूहमा सदस्य छु र मासिक रु. ५० जम्मा गर्छु । यस समूहमा जम्मा मात्र गरिंदैन आवश्यकता अनुसार ऋणको कारोबार पनि गरिन्छ । मैले त्यस समूहबाट व्यवसायमा लगानी गर्नलाई नभएर आफ्नो घरायसी आवश्यकता पुरा गर्न ऋण लिएको थिए ।"

उहाँ दुःख व्यक्त गर्दै बताउनुहुन्छ, "यहाँका महिलाहरु प्रायः जसो घरायसी काममा व्यस्त हुने भएकोले सामाजिक काममा त्यति संलग्न हुँदैनन् तर त्यो चेतनाको विकास गर्न समय समयमा महिलाहरु बीच छलफल कार्यक्रम संचालन गरिए अझ बढी सहभागिता जुटाउन सकिन्छ । त्यस बाहेक सर



सफाईको चेतना बढाउन तालिम संचालन गर्नुपर्छ र फोहर मैला व्यवस्थापन गर्न घरेलु कम्पोष्ट मल बनाउने तालिम दिइए केही हदसम्म लुभू क्षेत्रलाई फोहरबाट मुक्त गराउन सकिन्छ जस्तो लाग्छ । यहाँका महिलाहरु स्वास्थ्य र सर सफाई बारे उचित ज्ञानको अभावका कारण आफ्नो ज्यान समेत गुमाइरहेका छन् । विशेष गरी महिलाहरुलाई पाठेघर सम्बन्धी रोग बढी लाग्ने र त्यसमा हेलचेक्राईका कारण धेरैको मृत्यु भइसकेको छ। त्यसैले यसबारेमा चेतना जगाउन अति नै आवश्यक देखिन्छ ।"

छोरा र छोरीको समान व्यवहार बारे उहाँ यसो भन्नुहुन्छ, "पहिलेको दाँजोमा शिक्षाको सम्बन्धमा छोरा र छोरीको भेदभाव अहिले धेरै कम भएको छ । पहिले छोरालाई मात्र पढाउने छोरीलाई नपढाउने अथवा पढाउनेहरुले पनि छोरीलाई सरकारी विद्यालयमा पढाउने र छोरालाई बोर्डिङ्गमा पढाउने प्रचलन व्यापक थियो भने अहिले दुवैलाई बोर्डिङ्गमा पढाइन्छ । शिक्षाको मामलामा छोरालाई काखा छोरीलाई पाखा गर्ने प्रचलन हटिसकेको पाइन्छ। तर पनि अरु ठाउँमा जस्तै परम्परालाई कायम गर्दै घरायसी काममा छोरीले सहयोग गर्ने छोराले नगर्ने त अझसम्म त्यस्तै रुपमा अगाडी बढिरहेको छ ।" समग्रमा हेर्दा लुभू क्षेत्रका महिलाहरुलाई जागरुक गर्न अझ पनि चेतना विकास गर्ने कार्यक्रमहरु राख्नुपर्ने आवश्यक देखिन्छ ।

## पूर्ण सरसफाई तालिम पश्चातको परिवर्तन

*पूर्ण सरसफाई तालिम पश्चात तुरुन्तै देखिएको उपलब्धीमा तालिमका प्रशिक्षार्थी सरस्वती नापितको उत्प्रेरणाले वडा नं ६ का बासिन्दाहरु विद्यालय परिसरमा खुल्ला रुपमा दिसा पिसाव नगर्ने प्रतिवद्धता जनाएका छन्। त्यही वडाको लुभू माध्यमिक विद्यालयले वरपरका खुल्ला रुपमा दिसा पिसाव गर्ने ठाउँमा पर्खाल लगायो र चर्पी नहुने स्थानीय बासिन्दालाई विद्यालयको चर्पी बिहान वेलुकी प्रयोग गर्न दिने व्यवस्था गरियो ।*



*खुल्ला दिसा पिसाब हुने ठाउँ*



*नियन्त्रण गर्न पर्खाल लगाईदै*